# साँगुरीगढी गाउँपालिका
# Sangurigadhi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा

Bhedetar, Dhankuta

प.सं. २०८३/०८४ कोशी प्रदेश नेपाल

च.नं.: Koshi province Nepal

**आत्मा घर तथा जनजाति पार्क प्रवेश शुल्क सङ्कलन सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३।०४।१४**

यस साँगुरीगढी गाउँपालिकाको स्थानीय आर्थिक ऐन बमोजिम आ.व. २०८३।०८४ को लागि आत्मा घर तथा जनजाति पार्क प्रवेश शुल्क संकलन गर्नु पर्ने भएकाले स्थानीय आय व्यवस्थापन(कार्यविधि) ऐन, २०७९ को दफा (२८) को उपदफा १ बमोजिम सिलबन्दी दरभाउपत्र वन्दोवस्त गर्नु पर्ने भएकाले देहायको न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता तथा नियमानुसार कर चुक्ता प्रतिलिपि पेश गरी इच्छुक फर्म वा कम्पनीहरुले रितपूर्वक सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स. | सिलवन्दी दरभाउ पत्र | न्यूनतम अङ्क | दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | SRN/QC/IR-007-083/084 | १५००००.०० | १०००.०० | |

शर्तहरु

१. आत्मा घर तथा जनजाति पार्क प्रवेश शुल्कको दर, विवरण, परिणाम तथा स्थान सिलबन्दी दरभाउ पत्रसाथ उपलब्ध गराउने छ । सिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशन भएको मितिले ७ औं दिन (सार्वजनिक विदा पर्न गएमा लगत्तै पछि कार्यालय खुलेको दिन) कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ । सो दिनको भोलीपल्ट वा ८ औं दिन दिनको १२.०० बजे सिलबन्दी दरभाउ पत्र पेश गरिसक्नु पर्नेछ । पेश हुन आएको सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २.०० बजे साँगुरीगढी गाउँपालिकाको कार्यालय भेडेटारमा खोलिनेछ ।

२. सिलबन्दी दरभाउ पत्र खरिद गर्न साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडेटारको नवील बैंक लि.भेडेटार शाखामा रहेको धरौटी खाता नं. २११०१०१७५०००३७ मा कबोल अङ्कको ३ प्रतिशत रकम जम्मा गरेको भौचर वा प्रचलित कानून बमोजिम मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा

नि.प्रमुख प्रशासकीय अधिकृत

साँगुरीगढी गाउँपालिका

Sangurigadhi Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

भेडेटार, धनकुटा

Bhedetar, Dhankuta

प.सं. २०८१/०८२ कोशी प्रदेश नेपाल

च.नं.: Koshi province Nepal

जारी भएको मितिमा ३५ दिन अवधि भएको बिडबण्ड पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउ पत्र खरिद बापतको रु १०००/- यस कार्यालयको नाममा नबील बैंक भेडेटार शाखामा रहेको आन्तरिक राजस्व खाता नं.२११०१०१३५०००१८ जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. बाल्मा भार तथा जनजाति पार्क प्रवेश शुल्क संकलनको ठेक्का सम्झौता अवधि सम्झौता भएको मितिदेखि २०८४ असार मसान्तसम्म हुनेछ ।

४. दरभाउ पत्र कबोल रकम अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ । अंक वा अक्षरलाई काट्नु पर्ने भएमा एकधर्काले काटी गरी पुनः लेखी सहीछाप गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउ पत्र बमोजिम कबोल गरिएको अंक बराबरको मूल्य अभिवृद्धि कर बापतको रकम ठेक्का सम्झौता गर्नु पूर्व प्रचलित कानूनले निर्धारण गरेबमोजिमको खातामा जम्मा गर्नु पर्नेछ । अन्य प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर आदि बुझाउनु पर्ने रकम व्यवसायी आफैले बुझाउनु पर्नेछ ।

६. ठेक्का व्यवस्थापन सम्बन्धी कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार आफैले गरी गाउँपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।प्रमाणित भएको रसिद प्रयोग नभएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

७. बन्द,हडताल जस्ता घटनाका कारणबाट हुने नोक्सानीका लागि कुनै क्षतिपूर्ति वा छुट दिइने छैन ।

८. यस सूचनामा उल्लेख भएका शर्तको हकमा सोही शर्त बमोजिम र नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको शर्त पुरा नभएको वा कुनै प्राविधिक कठिनाई पर्न गएमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार साँगुरीगढी गाउँपालिकाको कार्यालयलाई हुने छ ।

१०. सिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य कुरा जानकारी लिनु पर्ने भएमा कार्यालय फोन नं. ०२५-४०००५८ र ०२५-४०००६८ सम्पर्क गर्न सक्नु हुनेछ ।